कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (Covid-19 Crisis Management Center, CCMC) काभ्रेपलाञ्चोकद्वारा प्रकाशित

बन्दाबन्दीको
७२ औं
दिन

## कोभिड-१९ सम्बन्धी काभ्रेपलाञ्चोक जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

अंक-१
२०७७।०२।२१ गते
बुधवार

संरक्षक
प्र.जि.अ. श्री श्रवण कुमार तिमल्सिना

मुख्य सम्पादक
स.प्र.जि.अ.श्री लक्ष्मीदेवी होमागाई खतिवडा

सम्पादन समिति
प्र.अ.बाल कुमार श्रेष्ठ
प्र.अ.शेखर आचार्य
ना.सु.चिरञ्जिवी पोखरेल
ना.सु.होम बहादुर राउत
क.अ.राज कुमार शाह

http://daokavrepalanchok.moha.gov.np






# काभ्रेपलाञ्चोक जिल्लास्तरीय Covid-19 Crisis Management Center का पदाधिकारीहरु

*सल्लाहकारहरु*



उद्धव के.सी. (प्रमुख)
जिल्ला समन्वय समिति. काभ्रे.



अशोक कुमार ब्याञ्जु श्रेष्ठ
(नगर प्रमुख)
धुलिखेल नगरपालिका

*समितिका पदाधिकारीहरु*



प्र.जि.अ. श्रवण कुमार तिमिल्सिना



स.प्र.जि.अ.लक्ष्मीदेवी होमागाई खतिवडा



प्र.से. सुवास खड्का



प्र.उ.रविकुमार पौडेल



स.प्र.उ. पुरुषोत्तम थापा



प्र.अ.अ. सरोज निरौला



स्वा.प्र.नरेन्द्र कुमार झा



प्रवक्ता सुमन ताम्राकार
धुलिखेल अस्पताल





# भुमिका

पृथ्वीको प्रायः सम्पुर्ण भुभागका मानिस अहिले कोभिड १९ नामकरण गरिएको कोरोना भाइरसको कारण संकटमा परेका छ। प्रकृतिकै एउटा सुक्ष्म जीवाणुले विश्वका शक्तिशाली राष्ट्रहरुलाई समेत लाचार बनाएको छ। तीन महिना अघि उदीयमान शक्ति राष्ट्र चीनबाट शुरु भएको यो विषाणुको आक्रमणको केन्द्र अहिले आधुनिक सभ्यताका ठुला केन्द्रदेखि विकासन्मुख देशहरु समेत प्रभावित छन् । झाडाबान्ता र मलेरिया जस्ता सामान्य रोगले त महामारीको रुप लिन सक्ने अफ्रिका र दक्षिण एशियाका 'अविकसित' देशहरुमा स्वाभाविक रुपमा त्रास फैलिएको छ। हाल विश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ । कोरोना भाइरस श्वाश प्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ।

बिफर तथा पोलियो जस्ता रोगहरु माथि विजय प्राप्त गर्दै दादुरा जस्ता रोगहरुलाइ खोपको सहयोगमा परास्त गर्न आधुनिक चिकित्सा विज्ञान लागि परेको छ। बर्तमान समयमा नयाँ प्रजातिको कोरोना भाइरसले विश्वलाई निकै ठुलो चुनौती मात्र दिएन विकसीत तथा विकाशन्मुख देशहरुका आधुनिक जिवनशैलीमा समेत हाँक दीँदै मानवीय स्वास्थ्य संकटको अवस्थामा पुराएको छ।

सरुवा रोगहरुका कारण हुने मृत्यु दरलाइ कम गर्दै, नसर्ने रोगहरु क्यान्सर, मुटु रोग, मधुमेह तथा मृगौला रोग जस्ता रोगहरुको नियन्त्रणको तयारीमा जुटिरहेको जनस्वास्थ्यको क्षेत्र एक्कासी माहामारीको भुमरीमा फसेको छ। बढ्दो अवस्थामा रहेका नसर्ने रोगको प्रकोपले गाँजीरहेको अवस्थामा कोभिड १९ को विश्वब्यापी संक्रमण नेपाल जस्ता विकासको गतिमा बामे सर्दै गरेका देशहरुको लागि स्वास्थ्य क्षेत्रको चुनौती मात्र नभएर समग्र विकासकै बाधक बनेको छ। बेला बखतमा आउने भुकम्प जस्ता प्राकृतिक प्रकोपका कारण थिलो थिलो भएर विस्तारै उँभो लाग्न थालेको अर्थतन्त्र नराम्ररी थला पर्ने अवस्थामा छ। स्वास्थ्य क्षेत्रमा बढ्ने लगानी त छँदैछ त्यसका अतिरिक्त लामो समयसम्मको लकडाउनका कारण परेको प्रभावले बिदेशी रेमीटेन्समा आउने कमी र राजस्व संकलनमा पुगेको असरले देशको विकासको गतीमा बाधा पुऱ्याउने संकेत गरिरहेको छ।

स्थानीय, प्रदेश र संघिय सरकारले आफ्नो बलबुताले भ्याएसम्म आमनागरिकको स्वास्थ्य सेवामा लागेको देखिन्छ। टिका टिप्पणी जे सुकै भए तापनि देश अहिले संकटको घडीमा फसेको बेला आफ्नो बर्कतले भ्याएसम्म सवै देश बासीको सकारात्मक सहयोगको जरुरी छ। लामो समयको लकडाउनका कारण खाध्य अभावका कारण विकासशिल देशहरुमा बालबालिका कुपोषणको चक्रमा फस्ने र यसले दीर्घकालिन असर पुराउने तथ्य बिगतका समयमा फैलिएका माहामारीका असरहरुले देखाइ सकेको छ। लक डाउनले गर्दा कतिपय पोषणका कार्यक्रम प्रभावित भएका छन् जसले गर्दा बालबालिकामा हुने कुपोषणको परिक्षण र उपचार गर्न लक्षित सामुदायिक कार्यक्रम समेत प्रभावित भएका छन्। कोरोना विरुद्धको खोपको विकास नहुँदा सम्म कोरोना भाइरसको उच्च जोखिम रहने शिक्षा हामीले विगत दुई महिनामा निकै कष्टकर लकडाउन भोगेर अनुभव गरीसकेका छौं। लकडाउनका कारण कैयौं नवजात शिशु, बालबालिका, युवा तथा गर्भवती महिलाले कोरोना भाइरस बाहेक अन्य स्वास्थ्य समस्याका कारण ज्यान गुमाउन सक्ने सम्भावना बढेको छ। कोभिड-१९ भाइरसबाट बच्न तथा संक्रमणको जोखिमलाई नियन्त्रण गर्न संघीय मन्त्रालय र प्रदेश मन्त्रालयबाट भएका निर्देशन तथा परिपत्र कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्लास्थित स्वास्थ्य निकायहरु, सुरक्षा निकायहरु, उद्योग व्यवसायी, संचारकर्मी लगायत सरोकारवाला निकायबीच समन्वय र सहकार्य गर्दै यस जिल्लामा कोभिड-१९ रोकथाम तथा जोखिम नियन्त्रणका कार्यहरु द्रुत गतिमा भई रहेको छ।








## काभ्रेपलाञ्चोक जिल्ला कमाण्ड पोष्टका पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. प्र.जि.अ.श्री श्रवणकुमार तिमिल्सिना | संयोजक | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| २. प्र.से.श्री सुबास खड्का | सदस्य | विष्णुदल गण, काभ्रे |
| ३. प्र.उ.श्री रविकुमार पौडेल | सदस्य | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| ४. स.प्र.उ. श्री पुरुषोत्तम थापा | सदस्य | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रे |
| ५. प्र.अ.अ.श्री सरोज निरौला | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रे |
| ६. स्वा. प्र. डा. श्री नरेन्द्र कुमार झा | सदस्य | स्वास्थ्य कार्यालय, काभ्रे |
| ७. प्रवक्ता डा. श्री सुमन ताम्राकार | सदस्य | धुलिखेल अस्पताल, काभ्रे |
| ८. स.प्र.जि.अ.श्री लक्ष्मीदेवी होमागाई खतिवडा | सदस्य सचिव | जिल्ला प्रशासन कार्यालय, काभ्रे |

## काभ्रेपलाञ्चोक जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. प्र.जि.अ.श्री श्रवणकुमार तिमिल्सिना | अध्यक्ष | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| २. प्र.से.श्री सुबास खड्का | सदस्य | विष्णुदल गण, काभ्रे |
| ३. प्र.उ.श्री रविकुमार पौडेल | सदस्य | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| ४. स.प्र.उ. श्री पुरुषोत्तम थापा | सदस्य | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रे |
| ५. प्र.अ.अ.श्री सरोज निरौला | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रे |
| ६. स.प्र.जि.अ.श्री लक्ष्मीदेवी होमागाई खतिवडा | सदस्य सचिव | जिल्ला प्रशासन कार्यालय, काभ्रे |

## घरभित्रै बसौं सुरक्षित रहौं

कोभिड-१९ को संक्रमणको संभावनाको आधारमा काभ्रेपलाञ्चोक जिल्ला उच्च जोखिम क्षेत्रभित्र पर्दछ । दुरी कायम नगर्दा र लकडाउनको परिपालना नगर्दा कोरोनाको प्रसारको खतरा झनै बढ्न सक्ने हुँदा उच्च सतर्कता अपनाउनुपर्ने अवस्था आएको छ तर पर्याप्त सावधानी अपनाउने हो भने सुरक्षित रहन सकिन्छ भन्ने तथ्यलाई मनन गर्न जरुरी छ । यो समय आफैले आफूलाई सुरक्षित गर्ने समय हो । कोरोनाबाट सुरक्षित रहन सबै भन्दा राम्रो उपाय घरभित्रै सुरक्षित रहनु र भौतिक दुरी कायम राख्दै स्वास्थ्य सावधानी अपनाउनु रहेको देखिएको छ । त्यसैले त्रसित नभई घरमै सुरक्षित भएर बस्न जिल्लावासीसँग हार्दिक अनुरोध छ ।

## लकडाउन अगाडि नै पूर्व सतर्कता अपनाईएको

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को जोखिम रोकथाम तथा नियन्त्रण गर्न लकडाउनको आदेश जारी हुनु अगावै जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७६ चैत्र ६ गते जिल्ला विपद व्यस्थापन समितिको बैठक बसी जिल्लाभित्र कुनै पनि प्रकारका गोष्ठी, सेमिनार, सभा संचालन, भिडभाड लगायत २५ जनाभन्दा बढी मानिसहरु जम्मा हुन नपाउने, अत्यावश्यक लगायत दैनिक उपभोग्य सामग्रीको अभाव हुन नदिई आपूर्ति व्यवस्था सहज बनाउने, सरोकारवाला निकायले बजार अनुगमन गर्ने, कार्यालयमा प्रवेश गर्नु अगाडि स्यानिटाइजर वा सावुन पानीले हात धुने, सबै स्थानीय तहहरुले क्वारेन्टाइन निर्माण गर्ने जस्ता निर्णयहरु गरी कोभिड-१९ को संक्रमण जिल्लामा हुन नदिन पूर्व तयारी गरेको ।

यसका साथै कोरोना भाइरस सम्वन्धमा पर्चा, पम्प्लेट, माइकिङ, रेडियो, टेलिभजन, पत्रपत्रिका मार्फत सूचना सम्प्रेषण जस्ता सचेतनामुलक सामाग्रीबाट जिल्लाका सम्पुर्ण क्षेत्रका गाउँवस्तीसम्म जानकारी गराई सचेतना अभिबृद्धि गराईएको ।

**लकडाउन अवधिभर लकडाउन उल्लंघन गरी कारवाही गरिएका सवारी साधनहरुको विवरण:**

| सि.नं. | प्रकार | संख्या |
|---|---|---|
| १ | ट्रक | २२१ |
| २ | बस | ४ |
| ३ | मोटरसाइकल | ७७५ |
| जम्मा | | १००० |

नोट: लकडाउन उल्लंघन गर्ने सवारी साधनहरुबाट यस अवधिमा जरिवाना स्वरुप जम्मा रु.८, ४७,५००।– राजश्व संकलन भएको छ ।



# सि.सि.एम.सी. समितिको निर्णय बमोजिम भएका प्रमुख कार्यहरु

१. स्थानीय तहमा PRT, PTC, LCCMC गठन गर्ने व्यवस्था मिलाइएको ।

२. कोभिड-१९ को संक्रमण फैलन नदिन जिल्लाभित्र कुनै प्रकारका भेला, महोत्सव, जात्रा, पर्वहरु सञ्चालन हुन नदिइएको । मन्दिर, मस्जिद, गुम्बाहरुमा दर्शनार्थी जान तथा विशेष पर्वमा हुने पूजाआजामा स्थानीय बासिन्दा सहभागी हुन नदिइएको र नियमित पूजाआजा मन्दिर, मस्जिद, गुम्बा भित्र बस्ने व्यक्तिबाट हुने गरी व्यवस्थापन गरिएको ।

३. अत्यवाश्यक सामान बोकेका सवारी साधनको आवागमन सहज गराइएको तथा यस्ता मालबाहक सवारी साधनमा चालक, सह-चालक बाहेक अन्य यात्रु बोक्न नदिईएको ।

४. कोभिड-१९ रोग नियन्त्रणको लागि स्थानीय तहहरुमा स्थापना गरिएको क्वारेन्टाइन स्थलहरुको अनुगमन गरिएको ।

५. प्रत्येक स्थानीय तहको वडाहरुमा कोरोना भाइरस रोकथाम समूह गठन गर्ने व्यवस्था गरिएको ।

६. धुलिखेल न.पा. वडा नं.७ स्थित सञ्जिवनी नमूना माध्यमिक विद्यालयमा नेपाली सेना विष्णुदल गणबाट प्रस्तुत गरिएको Patient Receiving Team Drill को विद्युतीय माध्यमबाट रेकर्ड गर्न लगाई अन्य जिल्लामा समेत यस रेकर्डलाई जानकारी लिने सामग्रीको रुपमा प्रयोग गरिएको । साथै संक्रमित व्यक्तिको उपचार र मृतकको शव व्यवस्थापन सम्वन्धमा समेत Demo गरिएको ।

७. सिमा जोडिएका जिल्लाहरुबाट लकडाउनको अवधिमा यस जिल्लामा प्रवेश गर्ने पैदल यात्रुहरुको आगमनलाई छिमेकी जिल्लाहरुसँगको सहकार्यमा रोक्ने व्यवस्था गरिएको ।

८. जिल्लाभित्रका सहायक मार्गहरु तथा मुख्य दुई राजमार्ग (वी.पी. तथा अरनिको) हरुमा कुनै पनि थुनछेक तथा अवरोध हुन/गर्न नदिई शान्ति सुरक्षा, आपतकालिन सेवा तथा अत्यावश्यक सेवा निर्वाध रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।

९. काभ्रेपलाञ्चोक जिल्लाभरिका एम्वुलेन्सहरुमा GPS जडान गरी Central Command System मा ल्याइएको ।

१०. स्थानीय तह प्रमुख, उद्योग वाणिज्य संघहरु तथा निर्माण व्यवसायी संघका प्रतिनिधिहरुसँग छलफल गरी केन्द्र, प्रदेश र स्थानीय तहबाट सञ्चालित महत्वपूर्ण योजनाहरुको कार्यान्वयन गर्न सहजीकरण गरिएको ।

११. नेपाल सरकार गृह मन्त्रालयको मिति २०७७।१।२५ गतेको निर्णयानुसार लकडाउन अवधिभर औषधी, स्वास्थ्य सामाग्री जस्ता अत्यावश्यक सेवाको उत्पादन तथा बिक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण, विकास आयोजनाहरुको सञ्चालनका लागि निर्माण सामाग्रिको ढुवानी र न्यूनतम बैंकिङ सेवालाई सुचारु गर्न केन्द्रिय कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेश स्तरिय कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टरसंग आवश्यक समन्वय गरी सुरक्षाका मापदण्ड पुरा गरी, सामाजिक दुरी कायम गरी, संक्रमणको जोखिमको मुल्याङ्कन गरी संचालन गर्ने व्यवस्था मिलाइएको ।

१२. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०१।२४ गतेको निर्णयमा उल्लेखित उद्योग व्यवसाय सञ्चालन तथा अत्यवाश्यक सामग्रीको आपूर्ति नियमित गर्ने सहजीकरण गरिएको ।

१३. यस जिल्लामा शववाहन नभएको स्थितिलाई ध्यान राखी शिर मेमोरियल अस्पताल बनेपाबाट जिल्ला विपद व्यवस्थापन समिति काभ्रेलाई प्राप्त एम्बुलेन्सलाई शववाहनको रुपमा प्रयोग गर्न व्यवस्था गरिएको ।

१४. संक्रमित बिरामीहरुलाई अस्पताल लैजानको लागि सम्बन्धित पालिकाको स्वास्थ्य संयोजकको समन्वयमा PRT परिचालन गर्ने व्यवस्था गरी तालिम प्रदान गरिएको ।

१५. कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा उपचारको सम्बन्धमा जिल्लाले गरेका कामहरुको प्रगति समिक्षा प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सांसद सदस्यहरुसँग Video Conference मार्फत जानकारी गराइएको । यस सम्बन्धमा छलफल गरी आगामी दिनमा कोभिड-१९ लाई नियन्त्रण गर्ने सम्बन्धमा माननीय सांसद सदस्यहरुबाट सुझाव प्राप्त गरिएको तथा माननिय सांसद सदस्यहरुको जिज्ञासाको निरुपण गरिएको ।

१६. यसैगरी सबै स्थानिय तहका प्रमुख/अध्यक्षसंग Video Conference मार्फत वैठक बसी कोभिड-१९ लाई नियन्त्रण गर्ने सम्बन्धमा छलफल गरीएको तथा स्थानिय तहहरुबाट भएका काम कारबाहीको समेत एक आपसमा जानकारी गराइएको तथा वहाँहरुको जिज्ञासाको समाधान गरिएको ।

१७. २०७७।०२।०४ गते नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट जारी वक्तव्यमा काभ्रे निवासी वर्ष २६ का एक व्यक्ति कोभिड-१९ पोजेटिभ भएको भनी सूचना प्रकाशित भएकोमा उल्लेखित व्यक्ति यस जिल्ला नभई काठमाडौं जिल्ला मनोहरा न.पा. निवासी भएकोले निजको ठेगाना सच्याउन स्वास्थ्य मन्त्रालयमा लिखित अनुरोध गरिएको ।

१८. कुनै पनि एम्बुलेन्सले बिरामी बाहेक अन्य यात्रुहरु बोकेको पाइएमा उक्त एम्बुलेन्स चालकलाई कारवाही गरी निजको सवारी चालक अनुमति पत्र जफत गर्ने व्यवस्था गरिएको ।

१९. यस जिल्लामा कोरोना भाइरस संक्रमणको कारणबाट निधन भएको व्यक्तिको शव व्यवस्थापन "शव व्यवस्थापन सम्बन्धी प्रोटोकल, २०७७" बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेना विष्णु दल गण काभ्रेले गर्ने व्यवस्था गरिएको ।

२०. हालसम्म District Crisis Management Center को १७ पटक वैठक बसी आवश्यक निर्णयहरु गरिएको ।

# जिल्ला कमाण्ड पोष्टको बैठकको निर्णय बमोजिम भएका प्रमुख कार्यहरु

मिति २०७५।१२।१३ गते प्रमुख जिल्ला अधिकारी श्रवण कुमार तिमल्सिनाको संयोजकत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख, धुलिखेल सामुदायिक अस्पताल, काभ्रेपलाञ्चोकका विशेषज्ञ डाक्टर सदस्य र स.प्र.जि.अ. सदस्य सचिव रहेको जिल्ला कमाण्ड पोष्ट गठन भएको। यस पोष्टबाट निम्न कार्यहरु भएका छन्:

१. जिल्लास्थित उद्योग वाणिज्य संघ, सुरक्षा निकाय, स्थानीय तहसँग समन्वय गरी आपूर्ति व्यवस्थापन सहज गरिएको।
२. कोरोना संक्रमणको उपचारका लागि धुलिखेल सामुदायिक अस्पतालमा ८ वेड र शिर मेमोरियल अस्पतालमा ५ गरी १३ वटा आइसोलेसन कक्ष निर्माण गरिएको।
३. खाद्यान्न, डेरी, फलफूल तथा तरकारी जस्ता अति आवश्यक सामग्रीहरूको पसल स्थानीय तह र उद्योग वाणिज्य संघसंग समन्वय गरी सञ्चालनमा ल्याईएको र सोको निरन्तर अनुगमन गरिएको।
४. विभिन्न जिल्लाबाट यस जिल्लामा आई काम गरिरहेका र अलपत्र परेका मजदुरहरुलाई विभिन्न सवारी साधनहरुबाट गृह जिल्लामा पठाउन सहजीकरण गरिएको।
५. स्थानीय तहहरुमा निर्माण भएका क्वारेन्टाइनहरुको मापदण्ड बमोजिम व्यवस्थापन भए-नभएको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, नेपाली सेना विष्णुदल गणका गणपति तथा स्वास्थ्य कार्यालयका प्रमुख सहित सवै सुरक्षा निकायका प्रमुखबाट अनुगमन भएको।
६. जिल्लास्तरीय र पालिकास्तरीय Patient Receiving Team गठन गरिएको।
७. जिल्लाका प्रमुख नाका दोलालघाट, पाँचखाल, नेपालथोक र सांगामा प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायका प्रमुख एवं पत्रकार सहितको टोलीले सवारी सधानको आवागमनको स्थलगत अनुगमन एवं चेकजाँच गरी लकडाउनको आदेश उल्लंघन गर्ने तथा सवारी पास नलिएका सवारी साधनलाई नियन्त्रणमा लिई कारवाही गरिएको।
८. काभ्रेपलाञ्चोक जिल्लाभित्र रहेका सरकारी, सामुदायिक र निजी गरी कुल ३६ एम्बुलेन्सहरु रहेकोमा कोरोना भाइरस मैत्री बनाउन २० वटा एम्बुलेन्सहरुमा Partation गराउन लगाइएको र २० वटा एम्बुलेन्स हरुमा GPS जडान गरिएको।
९. कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुलाई अस्पतालसम्म ल्याउन लैजान तथा मृत्यु भएमा कसरी दाहसंस्कार गर्ने भन्ने विषयमा जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, पालिका प्रमुख/उप प्रमुख र सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा नेपाली सेना विष्णुदल गण र धुलिखेल सामुदायिक अस्पतालबाट डेमो प्रदर्शन गरिएको।
१०. काभ्रे उद्योग वाणिज्य संघ, स्थानीय उद्योग वाणिज्य संघहरु, स्थानीय तह एवं सुरक्षा निकायहरुको समन्वयमा ढुवानी/आयातमा सहजीकरण गरी जिल्लामा खाद्यान्नको वितरण तथा स्टक अद्यावधिक गरिएको र बैकिङ्ग सेवा सुचारु गरिएको।
११. सबै (१३ वटा) स्थानीय तहमा Local Corona Crisis Management Center गठन गर्न प्रोत्साहन गरी सबै तहमा LCCMC गठन भएको।
१२. जिल्लास्थित राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु, जिल्लास्तरीय तथा स्थानीय तहका आयोजनाहरु सञ्चालन गर्न निर्माण व्यवसायी संघ, उद्योग वाणिज्य संघ तथा स्थानीय तहका प्रमुख/अध्यक्षसंग बैठक बसी छलफल गरिएको र सञ्चालनमा सहजीकरण गरिएको।
१३. यस जिल्लाका मुख्य राजमार्गहरु तथा सहायक मार्गहरु निर्वाध रुपमा सञ्चालन भएको र कुनै प्रकारको थुनछेक अवरोध हुन नदिई अत्यावश्यक सामग्रीको ढुवानीमा सहजीकरण गरिएको।
१४. जिल्लाका स्थानीय तहमा गठन भएका Patient Receiving Team (PRT) लाई कोरोना संक्रमित विरामीहरुलाई अस्पतालसम्म ल्याउन अपनाउनु पर्ने सावधानी तथा सुरक्षित कसरी रहने भन्ने सम्बन्धमा स्वास्थ्य कार्यालयको संयोजनमा तालिम सञ्चालन गरिएको।
१५. जिल्लामा सञ्चालनमा रहेका एम्वुलेन्सका चालक र पारामेडिक्हरुलाई स्वास्थ्य सम्बन्धी आवश्यक न्यूनतम तालिम दिइएको। हालसम्म जिल्ला कमाण्ड पोष्टको २३ पटक वैठक बसी आवश्यक निर्णयहरु गरिएको।

## जिल्ला सुरक्षा समितिबाट सम्पन्न भएका कार्यहरु

नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार चैत्र ११ गते देखि जारी भएको लकडाउनको आदेश कार्यान्वयन गर्न जिल्ला सुरक्षा समितिले सुरक्षा निकाय, स्थानीय तह, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, यातायात व्यवसायी संघ, जिल्लास्तरीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग निरन्तर समन्वय गरी देहाय बमोजिमका कार्यहरु गरिएको:

१. औषधी उपचार, अत्यावश्यक सामग्री खरिद, दाहसंस्कार जस्ता कार्यमा बाहेक अन्य कार्यमा घरबाहिर ननिस्कन सूचना जारी गरिएको एवं आवतजावतमा रोक लगाइएको।
२. अनुमति प्राप्त सवारी साधन बाहेक अन्य सार्वजनिक सवारी साधन सञ्चालनमा रोक लगाइएको।
३. औषधी तथा दैनिक उपभोग्य एवं अत्यावश्यक सामाग्रीको नियमित आपूर्तिको व्यवस्था गर्न सहजिकरण गरिएको।
४. नियमित बजार अनुगमन गरिएको।
५. विदेश तथा भारतबाट यस जिल्लामा आएका व्यक्तिहरुको स्थानीय तह, नेपाल प्रहरी तथा स्वास्थ्य कार्यालयको समन्वयमा अभिलेख अद्यावधिक गरिएको।
६. यस जिल्लामा स्थानीय तहमा बनाइएको क्वारेन्टाइन केन्द्रलाई सुरक्षित र व्यवस्थित गर्न जिल्लास्थित सुरक्षा निकायहरुलाई परिचालन गर्ने व्यवस्था गरिएको।
७. भारत लगायत तेश्रो मुलुक तथा स्थानीय तहबाट आउने व्यक्तिहरुलाई १४ दिन अनिवार्य क्वारेन्टाईन बस्ने व्यवस्था मिलाइएको।
८. हालसम्म जिल्ला सुरक्षा समितिको १२ पटक वैठक बसी आवश्यक निर्णयहरु गरिएको।

## जिल्ला विपद व्यवस्थापन समितिबाट भएका कार्यहरु

१. सुरक्षा निकाय, स्थानीय तथा वडा विपद व्यवस्थापन समिति समेतको समन्वय र सहकार्यमा कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि देहाय बमोजिमका कार्य गरेको ।
२. विपन्न र ज्याला मजदुरीमा आश्रित परिवारलाई स्थानीय तहबाट राहत प्रदान गर्ने व्यवस्था मिलाइएको ।
३. स्थानीय तहहरुमा कोरोना भाइरसको शंकास्पद बिरामीलाई तत्काल क्वारेन्टाइनमा राखी भाइरस परीक्षणको व्यवस्था मिलाइएको ।
४. विदेश/भारतबाट आएका नागरिकहरुको तथ्याङ्क अद्यावधिक गरिएको । निजहरुको न्यूनतम स्वास्थ्य परीक्षण गरिएको, सेल्फ क्वारेन्टाइन तथा पालिकाबाट निर्मित क्वारेन्टाइनमा राखिएको ।
५. RDT Test बाट भाइरस Positive देखिएका बिरामीको थप उपचार तथा PCR Test गर्न सहजीकरण भएको ।
६. हालसम्म जिल्ला विपद् व्यवस्थापन समितिको ३ पटक वैठक बसी आवश्यक निर्णयहरु गरिएको ।

## स्थानीय विपद व्यवस्थापन समितिबाट सम्पन्न भएका कार्यहरु

१. कोभिड-१९ बाट सुरक्षित हुनका लागि घरभित्र बस्नका लागि सूचनाको प्रवाह (माइकिङ) गरिएको ।
२. मास्क तथा स्यानिटाइजर वितरण तथा यस जिल्लाको मुख्य स्थानहरुमा Disinfected Spray गरिएको ।
३. आ-आफ्नो भौगोलिक क्षेत्रमा अनुगमन गरी नियमित स्वास्थ्य सेवा प्रदान गरिएको तथा अत्यावश्यक सामग्रीको आपूर्ति व्यवस्थापन भएको ।
४. न्यून आय भएका तथा दैनिक मजदुरी गरी जीवन गुजारा गर्ने परिवारको पहिचान गरी सबै स्थानिय तहहरुबाट COMBO PACKAGE मा हालसम्म २०,४२८ घरपरिवारलाई राहत वितरण गरिएको ।
५. स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग निरन्तर सम्पर्क एवं समन्वयमा रही आफ्नो क्षेत्रमा कोभिड-१९ को संक्रमण फैलन नदिन पालिकाको साधन तथा श्रोत परिचालन गरिएको ।
६. पालिकाहरु, स्वास्थ्य कार्यालय र सुरक्षा निकायको समन्वयमा निम्न क्षमताका क्वारेन्टाइनहरु निर्माण भएका र विदेश/भारतबाट आएका तथा शंकास्पद व्यक्तिलाई क्वारेन्टाइनमा राख्ने प्रबन्ध मिलाइएको ।

## पासको व्यवस्था

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले २०७७ ले चैत्र ११ गतेबाट शुरु भएको लकडाउन पश्चात अत्यावश्क सेवा सञ्चालन, मानवीय विपदको अवस्था योजना सञ्चालन तथा उत्पादन मुलक उद्योगहरु सञ्चालनको लागि कागजपत्र तथा प्रमाणको आधारमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट पासको व्यवस्था हुँदै आएको छ। सहज रुपमा पास वितरणको लागि ई-पासको समेत व्यवस्था गरिएको छ। जेठ ३ गते पश्चात् गृह मन्त्रालयको च.नं. ८०६ मिति २०७७।०२।०१ को पत्रबाट प्राप्त निर्देशनअनुसार कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै त्यस अघिका सम्पूर्ण पासहरु खारेज गरी मिति २०७७।०२।०३ बाट गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँगको सहमति पश्चात सिमित संख्यामा मात्र पास वितरण भई रहेको छ।

## विशेष अनुरोध तथा सूचना

वर्तमान कठीन समयमा कसैले पनि नगर्न तल लेखिए बमोजिमका काम नगर्नहुन अनुरोध छ। यस्तो कार्य भएको पाइएमा नियन्त्रणमा लिई कानून कारवाही गर्ने ब्यहोरा जानकारी गराइन्छ।

- स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्न खोज्ने,
- गैरकानूनी चेकजाँच गर्ने,
- आवागमनमा अवरोध गर्ने,
- दुर्व्यवहार गर्ने,
- कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने,
- टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु।

**कोरोनाबाट जोगिन र जोगाउनका सौहार्दपूर्ण सम्बन्धमा निर्माण गरौं।**



सामाजिक दूरी कायम गरौं,
कोरोनाबाट सुरक्षित रहौं

खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ।

## कोभिड-१९ को कारण नेपालमा भएको पहिलो मृतकको लाश व्यवस्थापन

सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे निवासी २९ बर्षिय महिलाको मिति २०७७।२।१ गते धुलिखेल अस्पतालमा उपचारको क्रममा कोरोना भाइरसको संक्रमणको कारण निधन भएकोले पशुपति क्षेत्रमा रहेको विद्युतिय शवदाह गृहमा अन्त्यष्टि गर्न सहजिकरण गरिएको।यस कार्यमा जिल्लास्तरिय कमाण्ड पोष्ट, विष्णु दल गण, धुलिखेल अस्पतालको सहकार्यमा शव व्यवस्थापन कार्य गरिएको।

# Covid 19 सम्बन्धि आमनागरिकले आवश्यक जानकारी लिन सकिने व्यवस्थाको लागि काभ्रेपलाञ्चोक जिल्ला स्वास्थ्य क्षेत्रका जिल्ला तथा स्थानीय सम्पर्क व्यक्तिहरुको विवरण तथा सम्पर्क नम्बरहरु

| सि.न | स्वास्थ्य सस्था वा सम्पर्क व्यक्ति | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | डा.नरेन्द्र कुमार झा | बरिष्ठ स्वा. प्रशासक | स्वास्थ्य कार्यालय ,काभ्रे | ९८५११६३३३८ | |
| २ | सिता श्रेष्ठ | ल्या.टे.नि | स्वास्थ्य कार्यालय ,काभ्रे | ९८४११६९६९९ | |
| ३ | धुलिखेल अस्पताल HOTLINE | | | ९८०१५७५००६ | |
| ४ | शिरमेमोरियल अस्पताल HOTLINE | | | ९८१०१७४३४४ | |
| ५ | डा.सुमन ताम्रकार | सह प्राध्यापक | धुलिखेल अस्पताल | ९८४३५३०४५० | |
| ६ | पुकार श्रेष्ठ | क.हे.इ | शिर मेमोरियल अस्पताल | ९८१०१७४३४४ | |
| ७ | डा. रामशरण श्रेष्ठ | मे.अ | मेथिनकोट अस्पताल | ९८५१२२१८४१ | |
| ८ | सन्दिप के.सी | स्वास्थ्य संयोजक | धुलिखेल नगरपालिका | ९८४१५४३९९० | |
| ९ | शरदचन्द्र थापा | सह संयोजक | धुलिखेल नगरपालिका | ९८५१०१८५८९ | |
| १० | सत्यश्वर मकै श्रेष्ठ | स्वास्थ्य संयोजक | बनेपा नगरपालिका | ९८४१४०४१५४ | |
| ११ | महेश्वरकाजी श्रेष्ठ | सह संयोजक | बनेपा नगरपालिका | ९८४१५८३२७४ | |
| १२ | उज्जवल अधिकारी | स्वास्थ्य संयोजक | पाँचखाल नगरपालिका | ९८५१००६२२६ | |
| १३ | पुरुषोत्तम तिमल्सिना | स्वास्थ्य संयोजक | पनौती नगरपालिका | ९८४१५५०७१० | |
| १४ | रिना पुरी | सह संयोजक | पनौती नगरपालिका | ९८४११००६२७ | |
| १५ | सिताराम तिमल्सिना | स्वास्थ्य संयोजक | बेथानचोक गाँउपालिका | ९८४१५१५८४६ | |
| १६ | सरस्वती सिंह | सह संयोजक | बेथानचोक गाँउपालिका | ९८४१८८२६१४ | |
| १७ | गँगालाल श्रेष्ठ | स्वास्थ्य संयोजक | रोशी गाँउपालिका | ९८५१०८१७९१ | |
| १८ | दिलरत्न शाक्य | सह संयोजक | रोशी गाँउपालिका | ९८४९६९४५७९ | |
| १९ | राजु बोगटी | स्वास्थ्य संयोजक | नमोबुद्ध नगरपालिका | ९८४१२४८४३५ | |
| २० | मनिषा चिमोरिया | सह संयोजक | नमोबुद्ध नगरपालिका | ९८६०३१४५९९ | |
| २१ | शिवहरी पाठक | स्वास्थ्य संयोजक | तेमाल गाँउपालिका | ९८५१११३५०२ | |
| २२ | एलिज मल्ल ठकुरी | सह संयोजक | तेमाल गाँउपालिका | ९८४५४३६११८ | |
| २३ | शुशिला कठायक | स्वास्थ्य संयोजक | मण्डनदेउपुर नगरपालिका | ९८४०२६०९७९ | |
| २४ | चन्द्रदेव ठाकुर | सह संयोजक | मण्डनदेउपुर नगरपालिका | ९८५४०२९३४४ | |
| २५ | सुदर्शन भट्टराई | स्वास्थ्य संयोजक | भुम्लु गाँउपालिका | ९८४१३६९०३० | |
| २६ | तेज बहादुर घिसिङ | स्वास्थ्य संयोजक | चौरीदेउराली गाँउपालिका | ९८४१७३६२६१ | |
| २७ | राजु चौलागाई | सह संयोजक | चौरीदेउराली गाँउपालिका | ९८४१४९११८१ | |
| २८ | हरिसिंह बिष्ट | स्वास्थ्य संयोजक | महाभारत गाँउपालिका | ९८६३६६७६८० | |
| २९ | रामपुकार यादव | स्वास्थ्य संयोजक | खानीखोला गाँउपालिका | ९८४१५०८४७२ | |

| स्थानीय तहहरुमा रहेका क्वारेनटाइन बेड संख्याको विवरण | | |
|---|---|---|
| **सि.नं.** | स्थानीय तह | बेड संख्या |
| १. | धुलिखेल न.पा. | ६५ |
| २. | **बनेपा न.पा.** | ५० |
| ३. | **नमोबुद्ध न.पा.** | ५६ |
| ४. | पनौती न.पा. | ६० |
| ५. | पाँचखाँल न.पा. | ११ |
| ६. | मण्डनदेउपुर न.पा. | १५ |
| ७. | चौरीदेउराली गा.पा. | ३० |
| ८. | रोशी गा.पा. | ७५ |
| ९. | भुम्लु गा.पा. | ३० |
| १०. | बेथानचोक गा.पा. | ३५ |
| ११. | तेमाल गा.पा. | १०५ |
| १२. | महाभारत गा.पा. | ३५ |
| १३. | खानीखोला गा.पा. | २४ |
| १४. | धुलिखेल अस्पतालमा कार्यरत कर्मचारी प्रयोजनको लागि | ५२ |
| | **जम्मा** | **६४३** |

- भारत तथा तेश्रो मुलुक र अन्यत्र जिल्लाबाट आएका व्यक्तिहरुलाई समेत क्वारेन्टाइनमा राख्नु पर्ने भएकाले प्रत्येक स्थानीय तहले कम्तीमा १००/१०० वटा क्वारेन्टाइन बेड तयार पार्न DCMC बाट निर्देशन दिईएको ।
- यस जिल्लाको धुलिखेल अस्पतालमा ८ बेड र बनेपा स्थित शिर मेमोरियल अस्पतालमा ५ बेड गरी १३ बेडको आइसोलेशन बेडको कक्ष रहेको छ ।
- परिक्षणको दायरालाई फराकिलो बनाउने राज्यको नीति अनुरुप हाल सम्म स्वास्थ्य कार्यालय काभ्रेबाट यस जिल्लाका विभिन्न स्थानीय तहहरुमा पठाइएका RDT बाट २०७६।१२।३० देखि २०७७।०२।२० गते सम्म जम्मा १८३३ जनाको कोरोना सक्रमण परिक्षण गरिएकोमा ३८ जनाको पोजेटिभ रिर्पोट आएको छ । त्यसैगरी पि सि आर परिक्षणतर्फ शुकराज ट्रपिकल अस्पताल टेकुबाट स्वाब परिक्षणका लागि धुलिखेल अस्पताल पठाइएका स्वाबमध्ये हाल सम्म २८९८ वटा स्वाबको परिक्षण सम्पन भई नेगेटिभ २५५३ रिर्पोट आएको छ भने पोजेटीभ ११४ मध्ये पुरुष ९९ र महिला १५ रहेका छन् । उक्त पोजेटीभ केसहरु मध्ये काभ्रे जिल्लाको कुनैपनि ब्यक्ति रहेका छैनन् ।
- समग्रमा जिल्लाको हाल सम्मको अवस्थामा हेर्दा स्थानीय तहहरुको सक्रियता तथा सम्बन्धित पक्षको सहयोगले कुनै पनि पोजेटीभ केस नभेटीनु तथा आवस्यक क्वारेन्टाइनको ब्यवस्थापनबाट नियन्त्रणमा सफलता मिलेको निष्कर्ष निकाल्न सकिन्छ ।

| महत्वपूर्ण सम्पर्क नं. हरु | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | ९८५१२३७७७७ |
| प्रमुख सेनानी | ९८५१२१४४८२ |
| प्रहरी उपरीक्षक | ९८५१२३५५५५ |
| सशस्त्र प्रहरी उपरीक्षक | ९८५१२७२०४२ |
| वरिष्ठ जनस्वास्थ्य प्रशासक | ९८५११६३३३८ |
| धुलिखेल अस्पताल प्रवक्ता | ९८४३५३०४५० |




### समन्वय बैठक सम्पन्न

मिति २०७७ जेठ २० गते काभ्रेपलाञ्चोक र भक्तपुर जिल्का प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरुबीच अन्तर जिल्ला समन्वय बैठक बसी कोरोना भाइरस नियन्त्रण, अन्तर जिल्ला सुरक्षा, अपराध नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी छलफल भई उक्त बैठकले कोरोना भाईरस नियन्त्रणको सम्बन्धमा भक्तपुर जिल्लामा बसोबास गर्ने नागरिकमा समेत कोरोना पोजेटिभ प्रतिवेदन आएको हुँदा यस महामारी विरुद्ध दुवै जिल्ला थप क्रियाशिल भई कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रण प्रभावकारी बनाउन काभ्रेपलाञ्चोक जिल्ला र भक्तपुर जिल्ला प्रवेश गर्ने मुख्य नाका साँगा र नाल लगायत अन्य प्रवेश विन्दुमा सवारी साधन र मानिसको आवागमनलाई थप कडाईका साथ चेकजाँग गर्ने साथै अत्यावश्यक सेवाका सवारी साधन, ढुवानीका साधन, विकास निर्माणका सवारी साधनका चालकहरुलाई मास्क, ग्लोभ्स, सेनिटाईजर लगायत अन्य स्वास्थ्य सुरक्षाको न्युनतम मापदण्ड पुरा गर्न अनिवार्य गर्ने निर्णय गरिएको छ ।



## भारत लगायत अन्य मुलुकबाट यस जिल्लामा चैत्र १ गते पछि आएका व्यक्तिहरुको तहगत विवरण

| सि.नं. | स्थानीय तह | संख्या | |
|---|---|---|---|
| | | भारत | तेश्रो मुलुक |
| १. | धुलिखेल न.पा.७ | २६ | १६ |
| २. | बनेपा न.पा.६ | १३ | २९ |
| ३. | नमोबुद्ध न.पा. | १५ | ११ |
| ४. | पनौती न.पा. | ४५ | ३० |
| ५. | पाँचखाँल न.पा. | १३ | १९ |
| ६. | मण्डनदेउपुर न.पा. | १६ | १३ |
| ७. | चौरीदेउराली गा.पा. | ० | ४ |
| ८. | रोशी गा.पा. | १३ | १२ |
| ९. | भुम्लु गा.पा. | २ | ६ |
| १०. | बेथानचोक गा.पा. | २७ | १० |
| ११. | तेमाल गा.पा. | १३ | ३ |
| १२. | महाभारत गा.पा. | १२ | ४ |
| १३. | खानीखोला गा.पा. | ० | ३ |








| क्र.स. | स्थानियतह | एम्बुलेन्स संचालन गर्ने संस्था | ग्रेड | चालकको नाथर | सर्म्पक नं. |
|---|---|---|---|---|---|
| १ | धुलिखेल न.पा. | धुलिखेल अस्पताल | ख | श्री कुमार वाईवा | ९८४०४१६४४९ |
| | | | ख | श्री राम प्रसाद वाग्ले | ९८४१००७२९९ |
| | | | ख | श्री इकराम ब्यान्जु | ९८४१५११०५९ |
| | | | ख | श्री राम सोजु | ९८४१००४८८२ |
| २ | बनेपा न.पा. | शीर मेमोरियल अस्पताल | ग | बिदुर थापा | ९८४१५३९२५१<br>०११ ६६११११ |
| | | बनेपा अस्पताल | ग | भुवन सापकोटा | ९८४१४३८१०४ |
| | | रेयुकाई आखाँ अस्पताल | ग | चन्द्रमान तमाङ | ९८०३३२९१४२<br>०११ ६६१५८० |
| | | स्पाईनल इन्जुरी | ग | निरञ्जना थापा | ९८४९३१९९२७ |
| | | कृष्ण प्रसाद अस्पताल | ग | नारायण प्र पौडेल | ९७५१००८५४२ |
| | | अरनिको सेवा समिति | ग | गोकुल घिमिरे | ९८४१४८४४८३ |
| | | एच आर डि सि | ग | कृष्ण खत्री | ९८४९८७८७३५ |
| ३ | पनौती न.पा. | कुशादेवी, बरिष्ठ प्रशासकिय अधिकृत इन्द्र ब. अधिकारी | ग | श्री प्रदिप लामा | ९८६१६०२७५० |
| | | खोपासी, उग्रेन बचत तथा ऋण सहकारी संस्था | ग | श्री ठुलो बहादुर तमाङ्ग | ९८५१११९८११ |
| | | पनौती, रामचन्द्र नासनानी | ग | श्री पुरुषोत्तम कर्माचार्य | ९८४१४३२७०४ |
| ४ | नमोवुद्ध न.पा. | नमोवुद्ध न.पा. | ग | पञ्चलाल श्रेष्ठ | ९८६९४१८५७२ |
| ५ | पाँचखाल न.पा. | पाँचखाल प्रा.स्वा.के | ग | सन्तोष सापकोटा | ९८६९२३६६५२ |
| | | FPAN पाँचखाल शाखा | ग | रमेश श्रेष्ठ | ९८६०२३१४७८ |
| | | पाँचखाल नगरपालिका | | गोपिचन्द्र दनुवार | ९८१८८६९७५१ |
| | | पाँचखाल पोलिक्लिक | ग | बुद्धी बहादुर भुजेल | ९८१८५१२२९९ |
| | | खरेल थोक स्वास्थ्य चौकी | | नर बहादुर लामा | ९८०३१९८०९४ |
| ६ | मण्डन देउपुर न.पा. | श्री गैह्रीबिसौना स्वास्थ्य चौकी | ग | श्री सोम प्रसाद ढकाल | ९८६०७४५०१८ |
| | | श्री नेपाल रेडकस सोसाईटी महादेवस्थान | ग | श्री जय श्रेष्ठ | ९८४१४९९९६८ |
| | | श्री मण्डनदेउपुर नगरपालिका | ग | श्री गणेश गिरी | ९८४१६६४७५२/९८६९४१८१११ |
| ७ | चौरी देउराली गा.पा. | नार्ग्रे गगर्चे | ग | टेक बहादुर लामा | ९८४१९२५४२५ |
| | | माझीफेदा | ग | सुजन देवकोटा | ९८१०३८३४५६ |
| | | कात्तिके देउराली | ग | राजेन्द्र सापकोटा | ९८४११०३२३८ |
| ८ | भुम्लु गा.पा. | श्री दुलालेश्वर वातावरण तथा समाज सेवा क्लव | | श्री कमल दाहाल | ९८०११६२०५१ |
| | | श्री रमेश राज खरेल वडाध्यक्ष वडा नं ७ | | श्री शिव के.सी. | ९८४३५५००९८ |
| | | श्री लोक बहादुर कुँवर वडाध्यक्ष वडा नं ४ | | श्री छत्र बहादुर भण्डारी | ९८४९६०४५२३ |
| ९. | रोशी गा.पा. | भिमखोरी स्वास्थ्य चौकी | ग | कान्छामान तमाङ | ९८६३६८७३२२ |
| | | सिसाखानी स्वास्थ्य चौकी | ग | गंगा बहादुर | ९८६०८०२४३१ |
| | | खहरेपाँगु स्वा.चौ. | ग | बिरबल लामा तमाङ | ९८४३७६९१२८ |
| १० | तेमाल गा.पा. | पोखरी नारायणस्थान स्वा.चौ. | ग | प्रबिण लामा तमाङ | ९८८०१३४५२१ |
| ११ | बेथान्चोक गा.पा. | आइततासी च्यासिंर्खक | ग | श्री मान बीर तमाङ<br>याङ्ग प्रसाद घिमिरे | ९८६०६६४७६६<br>९८४१५७३५५२ |
| | | बेथान्चोक गा.पालीका | | केदार श्रेष्ठ<br>पूर्ण प्रसाद तिमिल्सिना | ९८४१०३७४९१<br>९८४५५६९९०२ |
| १२ | खानीखोला गा. पा | ताल्दुङगा स्वास्थ्य चौकी | ग | केशव बन्जारा | ९८६५५८२९३३ |
| १३ | महाभारत गाउँपालिका | हाल सम्म एम्वुलेन्स संचालन नभएको | ० | ० | ० |
| **जम्मा ३६ वटा एम्बुलेन्स** | | | | | |

## सहजिकरणको व्यवस्था

- **औषधि उपकरण तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापमा सहजिकरण तथा अनुगमनका लागि स्वा. प्र.श्री डा.नरेन्द्र कुमार झाको संयोजकत्वमा तथा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापमा सहजिकरणको लागि स.प्र.जि.अ. श्री लक्ष्मीदेवी होमागाई खतिवडाको संयोजकत्वमा समिति बनाई क्रियाशिल रहेको उक्त समितिहरुलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन जिल्ला कमाण्ड पोष्ट तथा** District Crisis Management Center **ले दिने व्यवस्था गरिएको ।**
- **यस जिल्लामा कोभिड–१९ बाट प्रभावित व्यक्तिहरुलाई सुरक्षित रुपमा क्वारेन्टाइन स्थल तथा अस्पतालसम्म ल्याउने कार्यको लागि प्रमुख सेनानी श्री सुबास खड्काको संयोजकत्वमा जिल्लास्तरिय** Patient Receiving Team (PRT) **गठन गरिएको ।साथै प्रत्येक स्थानीय तहमा जिल्लास्थित** Patient Receiving Team (PRT) **लाई सहजिकरणको लागि स्थानीय एबतष्भलत च्भअभष्खष्लन** Team (PRT) **गठन गरिएको ।**

## मेला, महोत्सव वा जात्रा जस्ता पर्वहरु आयोजना नगर्न नगराउन सबैमा अनुरोध

हालै केही पत्रपत्रिका तथा समाचारमा चाडपर्व, परम्परा सस्कृति कायम गर्ने नाममा स्वास्थ्य सूरक्षाका मापदण्ड अनुरुप सामाजिक दुरी कायम नगरी ठुलो संख्यामा भेला हुने समाचारहरु आइरहेको छ । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट कुनै पनि भेला, महोत्सव, जात्रा आयोजना नगर्न-नगराउन तथा त्यस्ता कार्यक्रमा सहभागी नहुन भनी विभिन्न मितिमा सूचना समेत जारी गरिसकिएको छ । हाल कोभिड-१९ बाट देशका अन्य विभिन्न जिल्लामा संक्रमणको मात्रा बढी रहेको सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्लाभित्र यस किसिमका पर्व-जात्रा, महोत्सव, भेला आयोजना नगर्न नगराउन हुन अनुरोध गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक**

-

## काभ्रेपलाञ्चोक जिल्लाका बिदेशमा रहेको व्यक्तिहरुको अनुमानित संख्यात्मक बिवरण:

| सि.नं. | पालिकाको नाम | जम्मा बिदेशमा रहेको संख्या | | | भारतमा रहेको संख्या | | | भारत बाहेक अन्य मुलुकमा रहेको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | धुलिखेल न.पा. | २२३ | ८२६ | १०४९ | १४ | ४१ | ५५ | २०९ | ७८५ | ९९४ |
| २ | बनेपा न.पा. | १४९ | ५८६ | ७३५ | १ | ३ | ४ | १४८ | ५८३ | ७३१ |
| ३ | पनौती न.पा. | १६७ | ५७४ | ७४१ | ५० | १२७ | १७७ | ११७ | ४४७ | ५६४ |
| ४ | पाँचखाल न.पा. | २१८ | ११४३ | १३६१ | १२ | २४ | ३६ | २०६ | १११९ | १३२५ |
| ५ | नमोबुद्ध न.पा. | १५१ | १११६ | १२६७ | १ | ५४ | ५५ | १५० | १०६२ | १२१२ |
| ६ | मण्डनदेउपुर न.पा. | २१६ | १३०६ | १५२२ | ४५ | १०८ | १५३ | १७१ | ११९८ | १३६९ |
| ७ | रोशी गा.पा. | ८० | ४२८ | ५०८ | ० | १५ | १५ | ८० | ४१३ | ४९३ |
| ८ | तेमाल गा.पा. | ११८ | ३७५ | ४९३ | ३० | ४६ | ७६ | ८८ | ३२९ | ४१७ |
| ९ | भुम्लु गा.पा. | २०९ | ५११ | ७२० | १४ | ६९ | ८३ | १९५ | ४४२ | ६३७ |
| १० | चौरीदेउराली गा.पा. | ३८२ | ९८४ | १३६६ | १०७ | १७८ | २८५ | २७५ | ८०६ | १०८१ |
| ११ | खानीखोला गा.पा. | ४३ | १६९ | २१२ | ० | ० | ० | ४३ | १६९ | २१२ |
| १२ | महाभारत गा.पा. | १३८ | ४६४ | ६०२ | २ | ३ | ५ | १३६ | ४६१ | ५९७ |
| १३ | बेथानचोक गा.पा. | १६४ | ८४७ | १०११ | ३४ | १४७ | १८१ | १३० | ७०० | ८३० |
| जम्मा | | २२५८ | ९३२९ | ११५८७ | ३१० | ८१५ | ११२५ | १९४८ | ८५१४ | १०४६२ |

### संकटको समयमा सम्पर्क गर्न सकिने फोन नं.हरु

| क.सं. | ठेगाना | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | स्थानीय तह | | |
| १ | बनेपा | आनन्दराज पोखरेल | प्र.प्रशासकिय अधिकृत | 9851049487 |
| २ | धुलिखेल | तारानाथ लुइटेल | प्र.प्रशासकिय अधिकृत | 9851250028 |
| ३ | पनौती | हरि प्रसाद चापागाई | प्र.प्रशासकिय अधिकृत | 9851250029 |
| ४ | पाँचखाल | लोक बहादुर भण्डारी | प्र.प्रशासकिय अधिकृत | 9851250031 |
| ५ | नमोबुद्ध | भोला प्रसाद चापागाई | प्र.प्रशासकिय अधिकृत | 9851250032 |
| ६ | मण्डनदेउपुर | प्रणराज न्यौपाने | प्र.प्रशासकिय अधिकृत | 9851207277 |
| ७ | खानीखोला | लक्ष्मी प्रसाद अधिकारी | प्र.प्रशासकिय अधिकृत | 9851253491 |
| ८ | महाभारत | अशोक विष्ट | प्र.प्रशासकिय अधिकृत | 9851255781 |
| ९ | रोशी | डम्बर दाहाल | प्र.प्रशासकिय अधिकृत | 9851201937 |
| १० | बेथानचोक | कृष्ण प्रसाद सापकोटा | प्र.प्रशासकिय अधिकृत | 9845722555 |
| ११ | तेमाल | लक्ष्मण कुँइकेल | प्र.प्रशासकिय अधिकृत | 9841354454 |
| १२ | भुम्लु | मदन कुमार बजगाई | प्र.प्रशासकिय अधिकृत | 9851219653 |
| १३ | चौरीदेउराली | बलराम लम्साल | प्र.प्रशासकिय अधिकृत | 9851243091 |

| | | दमकल | | |
|---|---|---|---|---|
| क.सं. | न.पा./गा.पा./ निकाय | चालक | सम्पर्क नं. | अवस्था |
| १ | धुलिखेल | हरि भुजेल | 9851066310 | चालु |
| २ | बनेपा | ईश्वर रञ्जित | 9849684416 | चालु |
| ३ | नमोबुद्ध | डेमा लामा | 9846664555 | चालु |
| ४ | सशस्त्र प्रहरी बल १५ नं. गण पाँचखाल | | 9851272075 | चालु |

**औषधी, स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक**
9851163338

**विद्युत, नेपाल विद्युत प्राधिकरण वितरण शाखा**
9851273718

**टेलिफोन, नेपाल टेलिकम काभ्रे**
9852028777

**खाद्य बस्तु आपूर्ति**

काभ्रे उद्योग वाणिज्य संघ, अध्यक्ष
9851064184

काभ्रे उद्योग वाणिज्य संघ, महासचिव
9851021142

धुलिखेल उद्योग वाणिज्य संघ, महासचिव
9851059939

**जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक**

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)

फोन नं.:०११-४९०१२३
Email: daokavre@gmail.com
Website:kavrepalanchok.moha.gov.np